# राजदेवी नगरपालिका
# Rajdevi Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive

राजदेवी, रौतहट
Rajdevi, Rautahat

मधेश प्रदेश, नेपाल
Madhesh Province, Nepal


पत्र संख्या :०८१/०८२
चलानी नं. :
प्राप्त प.सं/च.नं.

राजदेवी नगरपालिका नगर कार्यपालिकाको कार्यालय राजदेवी, रौतहट मधेश प्रदेश, नेपाल

मिति:- २०८१/१०/२९

ने.सं. ११४५ सिल्लाथ्व,१४ मंगलवार

**विषय: न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने बारेमा सूचना ।**

प्रस्तुत विषयमा रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी (दोश्रो संशोधन) नियमावली, २०७७ को नियम ७ को उपनियम १ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १८ (१) बमोजिम अगामी आ.व. २०८२/०८३ मा रोजगार सेवा केन्द्रबाट आर्थिक तथा सामाजिक अवसरबाट बन्चित बेरोजगार व्यक्तिहरुलाई प्रदान गरिने १०० (सय) दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न १८ बर्ष उमेर पुरा भई ५९ वर्ष ननाघेको ईच्छुक बेरोजगार व्यक्तिहरुले बेरोजगार व्यक्तिको सूचीमा सूचिकृत हुन आफू स्थाई बसोबास गरेको सम्बन्धित वडा कार्यालयमा तपसिल बमोजीमका कागजातहरु सहित मिति २०८१ फाल्गुन १ गते देखि २९ गतेभित्र तोकिएको ढाँचामा निवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१ . निवेदकको नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपी १ प्रति ।
२. निवेदकले कुनै सीपमुलक तालिम लिएको भए सो को प्रतिलिपी १ प्रति ।
३. निवेदकको फोटो १ प्रति ।
४. परिवारमा रहेका व्यक्तिहरुको नागरिकता प्रमाण-पत्र वा जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपी १/१ प्रति ।
५. बसाईसराई गरेको भए सो को प्रमाण पत्रको प्रतिलिपी १ प्रति ।

प्रलव कायस्थ
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ**

श्री वडा कार्यालय सबै, राजदेवी नगरपालिका, राजदेवी, रौतहट ।


टोल फ्रि - १६६०५५५२०११, नगर प्रमुख - ९८५५०४७२५१, उप प्रमुख - ९८५५०४७२५२, प्र.प्र.अ - ९८५५०४७२५३
वेबसाईट:- www.rajdevimun.gov.np ईमेल- rajdevimata123@gmail.com ito.rajdevimun@gmail.com